नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट समय-समयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गर्दा दिनुभएको निर्देशन कार्यान्वयन गरी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार पद्धतिलाई सुदृढ एवम् प्रभावकारी बनाउन यस विषम परिस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोभिड-१९ को व्यवस्थापनका लागि लक्षित कार्ययोजना कार्यान्वयन गर्न/गराउन थप क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार हिजोसम्म १,७१४ आई.सी.यू. रहेकोमा आज १,७५५ आई.सी.यू. सञ्चालनमा रहेको र ६९२ भेन्टिलेटरको भएकोमा आज ७१७ भेन्टिलेटर प्रयोगमा आएको अवस्था छ। त्यसैगरी उद्योग तथा कम्पनिहरू लगायतका विभिन्न ठाउँबाट जिल्ला प्रशासन कार्यालय ललितपुरले १८५ अक्सिजन सिलिन्डर, जिल्ला प्रशासन कार्यालय भक्तपुरले ५३ अक्सिजन सिलिन्डर र जिल्ला प्रशासन कार्यालय काठमाडौंले ४,९३९ अक्सिजन सिलिन्डर नियन्त्रणमा लिई अस्पताल प्रयोजनको लागि संकलन गरेको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले सोलु फार्मेसी महाराजगन्जलाई कोभिड संक्रमणको उपचारार्थ प्रयोग हुने रेम्डेसिभिरको कालोबजारी गरेकोमा कानून बमोजिम नियन्त्रणमा लिई औषधी पसललाई सिल गरेको अवस्था छ। संकलित अक्सिजन सिलिन्डरमध्ये ४,०३५ अक्सिजन सिलिन्डर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मागको आधारमा विभिन्न अस्पतालहरुमा वितरणको प्रवन्ध भएको छ।

अर्थ मन्त्रालयका अनुसार ३०,१०,०८८ मेडिकल उपकरणहरू र १२,३६३ औषधि भन्सारबाट पैठारी गरिएको जानकारी प्राप्त भएको छ। जसमा ४०२ डिजिटल इन्फ्रारेड थर्मोमिटर, १२,१४१ के.जी. स्यानिटाइजर, ४,०७४ फेस मास्क, २२२ डायगनष्टिक/ल्योवोरेटरी रिजेन्टस्, ६,००० अक्सिजन मास्क, ८ नेजल क्यानुला, ३०,००,००० सिरिन्ज र ४ मेडिकल/सर्जिकल फर्निचर पैठारी गरिएको अवस्था छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार अक्सिजन प्रयोग गरी वस्तु उत्पादन गर्ने १० उद्योगबाट ११३४ अक्सिजन सिलिन्डर स्वास्थ्य प्रयोजनको लागि उपयोग गर्ने गरी प्रवन्ध



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

मिलाईएको अवस्था छ। काठमाडौं उपत्यका बाहिर १८ अक्सिजन उत्पादन गर्ने कम्पनी रहेका र प्रति घण्टा उत्पादन २,८२५ क्यूविक मिटर (CUM) क्षमताका उद्योगहरू संचालनमा रहेको र २२,३५० ठूलो सिलिण्डर र ८,९०४ सानो सिलिण्डर उत्पादन गर्ने क्षमताका उद्योगहरू समेत संचालनमा रहेका छन्। काठमाडौं उपत्यकामा १० अक्सिजन उत्पादन गर्ने कम्पनी र प्रतिघण्टा उत्पादन २,४६० क्यूविक मिटर (CUM) क्षमताका उद्योगहरू संचालनमा रहेको अवस्था छ। त्यस्तै गरी, ४७,००० ठूलो सिलिण्डर र २९,९१० सानो सिलिण्डर उत्पादन गर्ने क्षमताका उद्योगहरू संचालनमा रहेका छन्।

सी.सी.एम.सी (CCMC) बाट प्राप्त जानकारी अनुसार चाल्नाखेलस्थित सगरमाथा अक्सिजनको प्लान्ट मर्मत गर्न आवश्यक भएकोले नेपाली सेनाका प्राविधिकहरूलाई खटाइसकिएको छ। बनेपास्थित नवज्योति अक्सिजन प्लान्टका सबै कर्मचारीहरू कोभिड संक्रमित भएकाले उक्त उद्योग पुन सञ्चालनका लागि नेपाली सेनालाई प्राविधिक जनशक्ति खटाउन अनुरोध गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, लुक्ला र पोखरा विमानस्थलबाट जम्मा ३१ उडान मार्फत ९१ यात्रुहरूको उद्धार भएको छ। ट्राभल तथा टेक्रिङ्ग तर्फ धुन्चे र पोखराका स्थलमार्गहरूबाट जम्मा ९ पोलिस नागरिक तथा युक्रेनी नागरिकहरूलाई उद्धार गरी काठमाडौं ल्याइएको छ। त्यसै गरी सगरमाथा क्याम्प-२ बाट एक पर्यटकको उद्धार गरी काठमाडौं ल्याइएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सेवाग्राहीहरूलाई डिजिटल माध्यमबाट महशुल भुक्तानि गर्ने, कम्पनिको मोवाइल, फिक्स लाइनहरूमा कोभिड-१९ सम्बन्धि स्वास्थ्य मन्त्रालयबाट प्राप्त जनचेतनामुलक सन्देशहरू निःशुल्क रुपमा प्रवाह हुने व्यवस्था गरेको छ। साथै कोभिड-१९ का विरुद्व जनचेतना जगाउने खालका समाचार तथा सूचनाहरू प्रकाशन तथा प्रसारण गर्न सम्बद्व पक्षहरूमा अनुरोध गरिएको अवस्था छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np